## १. नेपाल सरकारको आय व्ययको संक्षिप्त विवरण

नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ को आय व्ययको विवरण देहाय बमोजिम रहेको छ।

### आय व्ययको संक्षिप्त विवरण

### आ.व. २०७८/७९

रकम रु.लाखमा

| सि.नं | शीर्षक | सुरु अनुमान | यथार्थ | सुरु अनुमानको तुलनामा प्रतिशत |
|---|---|---|---|---|
| १ | **राजस्व तथा अनुदान र प्राप्ति (७+८)** | १११०७४०५ | १०१०९३२३.६८ | ९१.०१ |
| २ | **राजस्व र विविध प्राप्ति (३+४+५)** | ११८०६००४ | १११४८५१४.०९ | ९४.४३ |
| ३ | कर | १०६७९६२५ | ९८४३३२०.४२ | ९२.१७ |
| ४ | अन्य राजस्व | ११२६३७९ | ८२०१४४.७९ | ७२.८१ |
| ५ | विविध प्राप्ति | ० | ४८५०४८.८७ | |
| ६ | **अन्य तहका सरकारलाई बाँडफाँड हुने राजस्व** | १२९७७९८ | १२८०६८०.२७ | ९८.६८ |
| ७ | **संघीय सञ्चित कोषमा दाखिला हुने राजस्व** (२-६) | १०५०८२०६ | ९८६७८३३.८२ | ९३.९१ |
| ८ | **अनुदान** | ५९९१९९ | २४१४८९.८५ | ४०.३० |
| ९ | **कुल खर्च (१०+११)** | १४४३३९१६ | ११७०५२९८.४ | ८१.१० |
| १० | **चालु** | १०६५२९३९ | ९५४३१६७.६२ | ८९.५८ |
| | पारिश्रमिक/सुविधा | १४३३१४७ | १३७७७०४.७ | ९६.१३ |
| | मालसामान तथा सेवाको उपयोग | ५९८८७६ | ४७९३०५.२५ | ८०.०३ |
| | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ४४४९४४ | ४५२२५९.३३ | १०१.६४ |
| | सहायता | १०११९ | १५५८४.७ | १५४.०१ |
| | अनुदान | ५१८१६४८ | ४९३४२३१.९९ | ९५.२३ |
| | सामाजिक सुरक्षा | २६०४९५९ | २२५३५१६.८५ | ८६.५१ |
| | अन्य खर्च | ३७९२४६ | ३०५६४.६१ | ८.०६ |
| ११ | **पुँजीगत खर्च** | ३७८०९७७ | २१६२१३०.८२ | ५७.१८ |
| | पुँजीगत खर्च | ३७८०९७७ | २१६२१३०.८२ | ५७.१८ |
| १२ | **बजेट बचत(-)न्यून (+) (१-९)** | -३३२६५११ | -१५९५९७४.८ | ४७.९८ |

| | | | | |
|---|---|---|---|---|
| १३ | वित्तीय व्यवस्था (१४+१९+२२-२५) | -३३२६५११ | -२१६८१०९.७६ | ६५.१८ |
| १४ | **आन्तरिक वित्तीय सम्पत्ती** (१७-१६-१५-१८) | १०५७६१० | ५९५८३३.३५ | ५६.३४ |
| १५ | सार्वजनिक संस्थानमा ऋण लगानी | ८८५०४७ | ४७३००४.१७ | ५३.४४ |
| १६ | अन्य संस्थामा ऋण लगानी | ० | ० | |
| १७ | संस्थानमा शेयर लगानी | १७२५६३ | १५२२१४.०१ | ८८.२१ |
| १८ | ऋण लगानी फिर्ता | ० | २९३८४.८३ | |
| १९ | **बाह्य वित्तीय सम्पत्ती (२०+२१)** | ३५०० | १९५५.०१ | ५५.८६ |
| २० | वैदेशिक ऋण लगानी | ० | ० | |
| २१ | वैदेशिक शेयर लगानी | ३५०० | १९५५.०१ | ५५.८६ |
| २२ | **आन्तरिक दायित्व (२३-२४)** | -१९०६८१० | -१८०३९२८.९७ | ९४.६० |
| २३ | अन्य संस्थाहरुबाट ऋण प्राप्ति (घटाउने) | २३९०००० | २२७७३०६.९१ | ९५.२८ |
| २४ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | ४८३१९० | ४७३३७७.९५ | ९७.९७ |
| २५ | **बाह्य वित्तीय दायित्व (२७-२८)** | -२४८०८११ | -९६१९६९.१६ | ३८.७८ |
| २६ | बैदेशिक ऋणको प्राप्ति (घटाउने) | २८३०८८७ | १२५६१२७.७५ | ४४.३७ |
| २७ | बैदेशिक ऋण साँवा भुक्तानी | ३५००७६ | २९४१५८.६ | ८४.०३ |
| २८ | **बजेट वचत(-)न्यून (+) (१२-१३)** | ० | ५७२१३४.९९ | |

*स्रोतः संघीय संचितकोषको वार्षिक आर्थिक विवरण भाग-०२*

आ.व. २०७८/७९ को बजेट बक्तव्यबाट अनुमान गरिएको राजस्व तथा अनुदान र प्राप्ति ९१.०१ प्रतिशत, संघीय संचितकोषमा दाखिला हुने राजस्व ९३.९१ प्रतिशत र कुल राजस्व र विविध प्राप्ति संकलन सुरु अनुमानको ९४.४३ प्रतिशत रहेको छ। त्यस्तै चालु र पुँजीगत गरि कुल खर्च सुरु अनुमानको ८१.१० प्रतिशत रहेको छ। राजश्व तथा अनुदान र विविध प्राप्ति, आन्तरिक तथा वैदेशिक ऋण वाट प्राप्त रकम, सार्वजनिक संस्थानवाट लगानी फिर्ता रकममा चालु , पुजिगत र वित्तीय व्यवस्थामा भएको खर्च घटाउँदा ५७ अर्ब २१ करोड ३४ लाख संचितकोष वचत देखिन्छ ।

## २. राजस्व स्थिती

### २.१ राजस्व प्राप्तिको स्थिती

आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारले राजस्व तथा विविध प्राप्ति गरि जम्मा रु. ११ खर्ब १४ अर्ब ८५ करोड १४ लाख संकलन गरेको छ। जसमध्ये कर राजस्व ९ खर्ब ८४ अर्ब ३३ करोड

२० लाख, अन्य राजस्व ८२ अर्ब १ करोड ४४ लाख र  विविध प्राप्ति ४८ अर्ब ५० करोड ४८ लाख  रहेको छ।

**राजश्व प्राप्तिको विवरण**

**आर्थिक वर्ष २०७८/७९** **रकम रु लाखमा**

| सि.न | राजस्वको आधार शीर्षक नं | आधार शीर्षक | वाडफाँड हुने राजश्व | | | कुल रकम |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय तह | |
| १ | ११००० | कर राजस्व | २९२१४८८ | ६२६०३३.१४ | ६२६०३३ | ४,१७३,५५४.२९ |
| २ | १४००० | अन्य राजस्व | २८६१३.९७ | १४३०६.९९ | १४३०७ | ५७,२२७.९५ |
| | | कुल जम्मा | २९५०१०२ | ६४०३४०.१३ | ६४०३४० | ४२३०७८२.२४ |

*स्रोत : संघीय संचितकोषको वार्षिक आर्थिक विवरण (भाग-०२)*

## २.२ संघीय संचित कोष दाखिला तथा बाँडफाँड को स्थिति

संघीय सरकारले रु ११ खर्व १३ अर्ब ७६ करोड ५८ लाख र प्रदेश सरकारले संकलन गरेको वन रोयल्टी रु १ अर्ब ८ करोड ५५ लाख समेत गरी रु ११ खर्व १४ अर्ब ८५ करोड १४ लाख राजश्व संकलन भएको छ ।उक्त रकम मध्ये संघीय संचित कोषमा बाँडफाड हुने रकम रु ४ खर्व २३ अर्ब ६३ करोड ८८ लाख वाट संघीय संचित कोषमा रु २ खर्व ९५ अर्ब ५७ करोड ८ लाख , प्रदेश सरकारलाई ६४ अर्ब ३ करोड ४० लाख र स्थानीय तहलाई रकम रु ६४ अर्ब ३ करोड ४० लाख बाँडफाड गरिएको र भुलवस बाँडफाँड हुने राजश्व शीर्षकमा जम्मा भएको सुचकाङ्क नभएको कारण बाँडफाँड हुन नसकेको रकम रु ५६ करोड ६ लाख संघीय संचित कोषमा दाखिला गरिएको छ । संघीय संचित कोषमा दाखिला भएको रकम मध्ये कर राजश्व रु. ८ खर्ब ५९ अर्ब १२ करोड ५४ लाख, अन्य राजस्व ७९ अर्ब १५ करोड ३० लाख र विविध प्राप्ति ४८ अर्ब ५० करोड ४८ लाख रहेको छ ।

## २.३ मुख्य शीर्षकगत राजश्व सङ्कलनको विवरण

आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारले प्राप्त गरेको राजस्वको मुख्य शीर्षकगत रकम देहाय अनुसार रहेको छ।


**शीर्षकगत राजस्व संकलनको विवरण**
**आर्थिक वर्ष २०७८/७९**

**(रकम रु. लाखमा)**

| राजस्व शीर्षक | २०७८/७९ | २०७७/७८ | घट/बढ (%) | कुल राजस्वको तुलनामा |
|---|---|---|---|---|
| ११००० कर राजस्व | ८५९१२५४.१६ | ७६१०५६६.३३ | १२.८९ | ८७.०६ |
| ११९०० आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर | २५२१८८५.४६ | २२१४८३५.२१ | १३.८६ | २५.५८ |
| ११२०० पारिश्रमिकमा आधारित कर | ७८०६०.०७ | ६८८३५.७ | १३.४० | ०.७९ |
| ११३०० सम्पत्ति कर | २.६ | ४.३४ | -४०.०९ | ०.०० |
| ११४०० वस्तु तथा सेवामा आधारित कर | ४००४२६९.९६ | ३५३७३६७.२७ | १३.२० | ४०.६१ |
| ११५०० वैदेशिक व्यापारमा आधारित कर | १९८७०३१.८६ | १७८९५१८.५९ | ११.०४ | २०.१५ |
| ११६०० अन्य कर | ४.२१ | ५.२२ | -१९.३५ | ०.०० |
| १४००० अन्य राजस्व | ७९१५३०.८२ | ६३८८९७.७६ | २३.८९ | ८.०२ |
| १४१०० सम्पत्तिबाट प्राप्त आय | २३४२००.८५ | २८५०९०.८३ | -१७.८५ | २.३८ |
| १४२०० वस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम | ३३६५८४.२४ | २५२०९९.४८ | ३३.५१ | ३.४१ |
| १४३०० दण्ड जरिवाना र जफत | २९१०३.०२ | २६५३१.९४ | ९.६९ | ०.३० |
| १४४०० अनुदान बाहेक स्वेच्छिक हस्तान्तरण | ० | ६ | -१००.०० | ०.०० |
| १४५०० अन्य राजश्व | १९१६४२.७१ | ७५१६९.५ | १५४.९५ | १.९४ |
| १५००० विविध प्राप्ति | ४८५०४८.८७ | ४०४३३०.१२ | १९.९६ | ४.९२ |
| कुल जम्मा | ९८६००२२.९१ | ८६५३७९४.२१ | १३.९४ | १००.०० |

*स्रोत : संघीय संचितकोषको वार्षिक आर्थिक विवरण (भाग-०२)*

आर्थिक वर्ष २०७८/७९ मा असुली भएको राजस्वमा कर राजस्वको अंश ८७.०६ प्रतिशत छ। त्यस्तै अन्य राजस्व र विविध प्राप्ति क्रमश ८.०२ र ४.९२ रहेको छ। कर राजस्व गत बर्षको तुलनामा १२.८९ प्रतिशतले बढेको छ। अन्य राजस्व २३.८९ प्रतिशत र विविध प्राप्ति १९.९६ प्रतिशत बढी हो। राजस्वको तुलनात्मक विवरण तलको रेखा चित्रमा प्रस्तुत गरिएको छ।




## २.४ कुल राजश्वमा बढी योगदान गर्ने प्रमुख राजश्व शीर्षकहरु

शीर्षकगत रूपमा सबै भन्दा बढी राजस्व संकलन भएका ५ वटा राजस्व शीर्षकहरूको रकम मात्र कूल राजस्व संकलनको झण्डै ४९.१० प्रतिशत रहेको छ। भंसार महसुल आयात तर्फ १ खर्ब ९८ अर्ब ४३ करोड ७१ लाख रकम प्राप्त भएको छ। मुल्य अभिवृद्धि कर-आयात तर्फ १ खर्ब ८७ अर्ब ३१ करोड १२ लाख प्राप्ति भई दोश्रो बढी योगदान गर्ने शीर्षकको रुपमा रहेको छ। मुख्य मुख्य ५ राजश्व शीर्षकमा प्राप्तिको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ।

**कुल राजस्वमा सबै भन्दा बढी योगदान गर्ने शीर्षकहरु**
**आर्थिक वर्ष २०७८/७९**


(रु.लाखमा)

| शीर्षक | संकलन रू. | योगदान प्रतिशत |
|---|---|---|
| ११५११ भंसार महसुल - आयात | १९८४३७१.३५ | १७.८२ |
| ३३३१२ मु.अ.कर - आयात | १८७३११२.६५ | १६.८२ |
| ११४२२ अन्तःशुल्क आयात | ५७३०१४.५४ | ५.१४ |
| १११२२ निकायको मुनाफामा लाग्ने कर.पब्लिक लि- कम्पनी | ५५८८३१.३० | ५.०२ |
| १११२३ निकायको मुनाफामा लाग्ने कर — प्राइभेट लिमिटेड कम्पनी | ४७९१८९.१३ | ४.३० |
| जम्मा | **५४६८५१८.९७** | **४९.१०** |

*स्रोत भाग-४ राजस्वको एकीकृत वित्तीय प्रतिवेदन*

नेपाल सरकारको कुल राजस्वमा सबैभन्दा बढी योगदान गर्ने पाँच राजस्व शीर्षकहरुको अनुपातलाई देहायको वृत्तचित्रमा प्रस्तुत गरिएको छ।

बढी राजस्व संकलन हुने ५ राजस्व शीर्षकहरु




## ३. अनुदान, बेरूजु तथा नगद मौज्दात प्राप्ति विवरण

### ३.१ वैदेशिक अनुदान प्राप्ति विवरण

आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारको कुल वैदेशिक अनुदान प्राप्ति (सोझै भुक्तानी अनुदान बाहेक) रू. १५ अर्व ५१ करोड ५० लाख रहेको छ। कुल अनुदानमा बहुपक्षीय अनुदानको हिस्सा ८५.१७ प्रतिशत र द्विपक्षीय वैदेशिक अनुदान १४.८३ प्रतिशत रहेको छ।


**वैदेशिक अनुदान प्राप्ति विवरण**
**आर्थिक वर्ष २०७८/७९**

(रु.लाखमा)

| अनुदान शीर्षक | २०७८/७९ | प्रतिशत | २०७७/७८ | प्रतिशत |
|---|---|---|---|---|
| द्विपक्षीय वैदेशिक अनुदान | ३५८१०.२७ | १४.८३ | ७४२४२.१२ | २७.७१ |
| वहुपक्षीय वैदेशिक अनुदान | २०५६७९.५८ | ८५.१७ | १९३५२९.८६ | ७२.२४ |
| वैदेशिक अन्य अनुदान | ० | ०.०० | १४३.८ | ०.०५ |
| जम्मा | २४१४८९.८५ | १००.०० | २६७९१५.७८ | १०० |

*स्रोतः संघीय संचितकोषको वार्षिक आर्थिक विवरण भाग-२*

आ.व २०७८/७९ को कुल वैदेशिक सहायता प्राप्तिमा द्विपक्षीय, बहुपक्षीय र अन्य अनुदानको योगदानको अंशलाई देहायको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।




## ३.२ बेरुजु र गत वर्षको नगद मौज्दात विवरण

आर्थिक वर्ष २०७८/७९ को विविध प्राप्ति शीर्षक १५१११ बेरुजु शीर्षकमा रु. ९ अर्व ४८ करोड २१ लाख असुली भएको छ। गत आ.व २०७७/७८ मा रु. ८ अर्व ७० करोड ४ लाख असुली भएको थियो। यस आ.व मा असुली भएको विविध प्राप्ति गत आ.व भन्दा ८.९८ प्रतिशत बढी हो। गत आ.व २०७७।७८ मा नगद मौज्दात रकम रु. २ अर्व ६१ करोड ५९ लाख आर्थिक वर्ष २०७८।७९ मा दाखिला भएको छ।

## ३.३ नगद मौज्दात रही बैंकमा दाखिला गर्न बाँकी रकम

आर्थिक वर्ष २०७८/७९ नगद संकलन भई बैंकमा दाखिला गर्न बाँकी रहेको राजस्व तथा विविध प्राप्ति गरि जम्मा रकम रू. १५ लाख २७ हजार १४९ रहेको छ। जसको शीर्षकगत विवरण निम्न बमोजिम रहेको छ।

| सि नं | शीर्षक | विवरण | नगद मौज्दात(/रु लाखमा) |
|---|---|---|---|
| १ | ११५११ | भंसार महसुल आयात - | १३०५० |
| २ | १४१५१ | सरकारी सम्पत्तीको वहालवाट प्राप्त आय | ३०० |
| ३ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | १००० |
| ४ | १४२२१ | न्यायिक दस्तूर | ११३५५८२ |